# देवचुली नगरपालिका

## स्थानीय राजपत्र

खण्डः५ संख्याः४

स्वीकृत मितिः२०७९/०४/३०

स्थानीय राजपत्रमा प्रकाशित मितिः२०७९/०५/०८

## भाग २

# घाँस खेती गर्ने कृषकहरुलाई गोवर मलमा अनुदान बितरण कार्यविधि २०७९

देवचुली नगरपालिका राजपत्र

## प्रस्तावना

देवचुली नगरपालिकामा क्रमिक रुपमा बढदै गैरहेको पशुपालन ब्यावसायलाइ निर्वाहमुखिबाट क्रमश व्यवसायिक तथा नाफामुखि बनाइ कृषकहरुको आयआर्जन बृद्धि गरी जीवनस्तर सुधार गर्न, कृषकहरुलाइ स्वरोजगार बनाइ थप रोजगारी सृजना गर्ने तथा पशुपालन ब्यवसायलाई सम्मानित पेशाको रुपमा बिकास गर्न, दुध तथा मासु उत्पादक कृषकहरुको उत्पादन लागतमा कमि ल्याइ नाफामा बृद्धि गर्न आवश्यक रहेको सन्दर्भमा विभिन्न अनुसन्धानहरुको नतिजामा घाँस उत्पादनमा आधारित पशुपालन ब्यावसाय बढि नाफामुलक देखिएको हुँदा देवचुली नगरपालिकाका पशुपालक कृषकहरुलाई घाँस उत्पादनमा आधारित पशुपालन ब्यावसायमा संलग्न गराइ नाफा उन्मुख गराउन तथा उन्नत जातका घाँस खेतीको ब्यापक बिकास र बिस्तारको लागि सो कार्यमा संलग्न कृषकहरुलाई प्रेरित गर्न गोबर मलमा अनुदान उपलव्ध गराउन आवश्यक देखि देवचुली नगरपालिकाको आर्थिक कार्यविधि नियमित तथा ब्यवस्थित गर्न बनेको ऐन २०७५ को दफा ३१ बमोजिम देवचुली नगरकार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यो कार्यविधिको नाम "घाँस खेती गर्ने कृषकहरुलाई गोबर मलमा अनुदान बितरण कार्यविधि २०७९" रहेको छ ।

ख) यो कार्यविधि देवचुली नगरकार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

**२. परिभाषाः**

विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क. "कार्ययोजना" भन्नाले घाँस खेती गर्ने कृषक, कृषक समुह, समिति, सहकारी, फार्म, कम्पनीहरुले घाँस खेतीको लागि पेश गरेको विस्तृत क्रियाकलाप, लागत, समय, स्थान र जिम्मेवारी सहितको प्रस्तावना सम्झनु पर्नेछ ।

ख. "नगरपालिका" भन्नाले देवचुली नगरपालिकालाई सम्झनु पर्नेछ ।

ग. "कृषक" भन्नाले पशुपालन गर्ने किसानलाई सम्झनु पर्नेछ ।

देवचुली नगरपालिका राजपत्र

घ. “कृषक समुह” भन्नाले कृषि पेशामा संग्लग्न भई मिल्दाजुल्दा समस्या र आवाश्यकता र चाहना भएका १० देखि २५ जना भई निर्माण गरिएको समुहलाई सम्झनु पर्नेछ ।

ङ. “सहकारी” भन्नाले विधिवत रुपमा दर्ता भएका कृषि सहकारी वा दुग्ध उत्पादक सहकारी संस्था सम्झनु पर्नेछ ।

च. “शाखा” भन्नाले देवचुली नगरपालिकाको पशु सेवा शाखा भनि सम्झनु पर्छ ।

**३. उद्देश्यः यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेका छन् ।**

- देवचुली नगरपालिका भित्रका ईच्छुक कृषक ,समिति ,कृषक समुह , कम्पनी ,फार्म ,सहकारीलाई उन्नत जातको घाँस खेतीमा संलग्न गराउने ।
- उन्नत जातको घाँस खेतीमा संलग्न कृषक ,समिति ,कृषक समुह , फा ,सहकारीर्मकम्पनीलाई घाँस खेतीमा प्रयोग हुने गोवर मलमा , अनुदान उपलब्ध गराउने ।
- उन्नत जातको घाँस खेतीको ब्यापक बिकास र बिस्तार गरी घाँसमा आधारित पशुपालन ब्यावसायलाई प्रवर्द्धन गर्ने ।
- पशुपालक कृषकहरुको घाँसमा आधारित पशुपालन मार्फत उत्पादन लागत कम गराई पशुपालन ब्यावसायलाई नाफामुखि बनाउने ।

**४. कार्यक्रम सञ्चालन प्रक्रियाः**

- यो कार्यक्रम देवचुली नगरपालिका भित्रका उन्नत जातका हिउँदे बर्षे र बहुबर्षे घाँस खेती गर्ने कृषक ,फार्म ,सहकारी ,समिति ,कृषक समुह , कम्पनीहरुले प्राप्त गर्न सक्नेछन ।
- शाखाले घाँस खेती गर्ने कृषकहरुलाई गोवर मलमा अनुदान कार्यक्रममा सहभागी हुन चाहने ईच्छुक कृषक कृषक ,समुह ,सहकारी ,समिति , कम्पनी ,फार्महरुका लागि अनुसुचि १ बमोजिम प्रस्ताव आब्हान गर्नेछ ।

देवचुली नगरपालिका राजपत्र

- यस कार्यक्रममा संलग्न हुन तोकिएको मापदण्ड पुरा गरेका कृषक , कम्पनी ,फार्म ,सहकारी ,समिति ,कृषक समुहहरुले तोकिएको समय भित्र अनुसुची २ बमोजिमको निवेदन शाखामा दिनुपर्नेछ ।
- मापदण्ड
  - कृषककम्पनी ,फार्म ,सहकारी ,समिति ,कृषक समुह , सम्वन्धित सरकारी निकायमा दर्ता भएको हुनुपर्नेछ ।
  - कृषककम्पनी ,फार्म ,सहकारी ,समिति ,कृषक समुह ,ले कम्तिमा १ बिघा जग्गामा उन्नत जातको घाँस खेती गर्नुपर्नेछ ।
  - घाँस खेती गर्ने जग्गामा प्रति हेक्टर १० देखि २० टन गोबर मल प्रयोग गर्नुपर्नेछ ।
- शाखाले प्राप्त भएका निवेदन मध्ये न्युनतम मापदण्ड पुरा गरे नगरेको यकिन गरी प्रथम चरणको छनौट गरी मुल्यांकन गर्नको लागि तपसिल अनुसारको नगरस्तरीय कृषि समितिमा पेश गर्नेछ ।

| | |
|---|---|
| नगर प्रमुख श्री हरि प्रसाद न्यौपाने | संयोजक |
| नगर प्रवक्ता श्री तिल प्रसाद काफ्ले | सदस्य |
| १३ नं. वडा अध्यक्ष श्री एक देव पौडेल | सदस्य |
| कार्यपालिका सदस्य श्री गोमा देवी पौडेल तिमिल्सिना | सदस्य |
| पशु सेवा शाखा प्रमुख | सदस्य |
| कृषि बिकास शाखा प्रमुख | सदस्य |

- कृषि बिकास समितिले पर्न आएका निवेदनहरुको अनुसुची ३ अनुसारको ढाँचामा मुल्याकंन गरी अनुदान उपलब्ध गराउन योग्य कृषक, कृषक समिति, सहकारी, फार्म, कम्पनी छनौट गर्नेछ ।
- अनुदानको लागि छनौट भएका कृषक ,सहकारी ,समिति ,कृषक समुह , कम्पनी ,फार्महरुसँग शाखाले अनुसूची ४ बमोजिम सम्झौता गर्नेछ ।

देवचुली नगरपालिका राजपत्र

- सम्झौतापछि छनौट भएका कृषक ,फार्म ,सहकारी ,समिति ,कृषक समुह , कम्पनीहरुलाई बिनियोजित बजेटको परिधीभित्र रही गोबर मलमा शत प्रतिशत अनुदान रकम उपलब्ध गराईनेछ ।

**५. घाँस खेती गर्ने कृषकहरुलाई गोबर मलमा अनुदान कार्यक्रम कार्यान्वयनको लागि आर्थिक नर्म्स**

| क.सं. | कृयाकलाप | इकाई | परिमाण | दर रु. | जम्मा बजेट रु. |
|---|---|---|---|---|---|
| १ | गोबर मलमा अनुदान | टन | बिनियोजित बजेट अनुसार निर्धारण गरिने | | |
| २ | कार्यक्रमको अनुगमन तथा मुल्यांकन | पटक | ३ | १०००० | ३०००० |
| | जम्मा | | | | |

**६. कार्यक्रमको आर्थिक पक्ष**

कार्यक्रमको लेखा, लेखाकंन, लेखा परिक्षण तथा आर्थिक कारोवार गर्दा आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६, आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व नियमावली २०७७, सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०७७ बमोजिम हुनेछ ।

**७. अनुगमन, मुल्यांकन सम्वन्धि ब्यवस्था**

यस कार्यक्रमको अनुगमन तथा मुल्यांकन देवचुली नगरपालिकाको कृषि बिकास समितिले गर्नेछ ।

देवचुली नगरपालिका राजपत्र

**८. थपघट वा हेरफेर गर्न सक्ने**

- यो कार्यविधिको कार्यान्वयनलाई थप ब्यवस्थित र प्रभावकारी बनाउन नगरपालिकाले आवश्यकता अनुसार यस कार्यविधिमा थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ ।
- यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि नगरपालिकाले आवश्यकता अनुसार ब्याख्या गर्न सक्नेछ ।

देवचुली नगरपालिका राजपत्र

# अनुसूची १

प्रस्ताव आव्हानको सुचनाको ढाँचा

# देवचुली नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

# पशु सेवा शाखा

## रजहर, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

### प्रस्ताव आव्हानको सुचना

प्रथम पटक सुचना प्रकाशित मितिः…………….

यस कार्यालयको आ.व. २०…./…./….को वार्षिक स्वीकृत कार्यक्रम ……………………. अनुसार घाँस खेती गर्ने कृषकहरुलाई गोवर मलमा अनुदान बितरण कार्यविधि २०७९ बमोजिम कार्य गर्न ईच्छुक कृषक, कृषक समुह, समिति, सहकारी, फार्म, कम्पनीहरुले यो सुचना प्रकाशन भएको १५ दिन भित्र कार्यालय समयमा प्रस्ताव पेश गर्नुहुन आव्हान गरिन्छ। साथै रित नपुगेका वा म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

| क.स. | कार्यक्रम | संख्या | कुल अनुदान रकम रु. |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

देवचुली नगरपालिका राजपत्र

# अनुसूची २
# निवेदनको ढाँचा

श्रीमान् शाखा प्रमुख ज्यू,
पशु सेवा शाखा
देवचुली नगरपालिका

विषयः कार्ययोजना पेश गरिएको बारे ।

महोदय,

उपरोक्त विषयमा तँहा कार्यालयको मिति................. गते .........................प्रकाशित सुचना अनुसार म/हामी निवेदकले घाँस खेती गर्ने कृषकहरुलाई गोवर मलमा अनुदान बितरण कार्यक्रम सञ्चालन गर्न ईच्छुक भई अनुसुची ३ मा उल्लेख भए अनुसारका कागजातहरु तथा अनुसूची ४ बमोजिमको कार्ययोजना संलग्न राखि यो निवेदन पेश गरेको छु/ छौ।

निवेदकः
नामः
ठेगानाः
कृषक समुह, समिति, सहकारी, फार्म, कम्पनीको नामः
दस्तखत :
मितिः
सम्पर्क नं. :

देवचुली नगरपालिका राजपत्र

## अनुसूची ३

व्यवसायिक कार्ययोजना पेश गर्दा संलग्न हुनुपर्ने कागजातहरु

- नेपाली नागरिकताको प्रतिलिपि
- अनुसुची २ अनुसारको ढाँचामा निवेदन
- अनुसुची ४ अनुसारको विस्तृत व्यवसायिक कार्ययोजना
- जग्गाको स्वामित्व देखिने कागजात भाडामा भए ५ वर्षको सम्झौता ) (पत्रको प्रतिलिपि
- प्रचलित कानुन अनुसार दर्ता वा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि
- स्थायी लेखा नम्बरभ्याटमा दर्ता भएको प्र /माणपत्रको प्रतिलिपि

देवचुली नगरपालिका राजपत्र

# अनुसुची ४

## कार्यक्रमको संक्षिप्त कार्ययोजना

कार्यक्रमको नामः

कृषक/कृषक/समुह/समिति/सहकारी/फार्म/कम्पनीको नाम :

ठेगाना ........................... गाँउ/टोल ............................ वडा नं. .................. न.पा. ....................

सम्पर्क नं. :

आवेदकको परिचयः

उद्देश्यहरुः

बिद्यमान पूर्वाधारहरुः

सञ्चालन गरिने प्रस्तावित कार्य विवरणः

| क.स. | खेती गरिने घाँसको जात | घाँस खेती गरिने जग्गाको क्षेत्रफल | गोवर मल दर प्रति हेक्टर | जम्मा मलको मात्रा | मलकोमुल्य प्रति टन रु. | जम्मा | माग |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

अपेक्षित प्रतिफल :

सहि गर्नेकोः

नामः

संस्थाको छापः

पदः

दस्तखतः

मितिः

देवचुली नगरपालिका राजपत्र

# अनुसुची ५

## प्रस्ताव मुल्याङ्कनका आधारहरु

जिल्लाः

आवेदक संस्थाको नामः

कार्यक्रम संचालन स्थलको ठेगानाः

प्रस्तावित कार्यक्रमको नामः

मुल्याङ्कनको आधारहरु

| क्र.स. | विवरण | भार | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | पालन गरिरहेको माउ गाईभैसीं संख्या | **४०** | | |
| | १०० भन्दा बढि | ४० | | |
| | ५० देखि १०० | ३० | | |
| | ५० भन्दा कम | २० | | |
| २ | घाँस खेती गरिने जग्गाको क्षेत्रफल | **३०** | | |
| | १ बिघा भन्दा माथि | ३० | | |
| | १ बिघा सम्म | २५ | | |
| ३ | घाँस खेती सम्बन्धी अनुभव | **२०** | | |
| | ५ वर्ष भन्दा बढि | २० | | |
| | ५ वर्ष भन्दा कम | १५ | | |
| ४ | सम्बन्धित व्यवसाय सम्बन्धी तालिम | **१०** | | |
| | तालिम लिएको | १० | | |
| | तालिम नलिएको | ५ | | |

स्थलगत अनुगमनमा भेटिएका अन्य विवरणहरुः

स्थलगत अनुगमन टोलिको रायः

| नाम | दस्तखत | राय |
|---|---|---|
| | | |

देवचुली नगरपालिका राजपत्र

## अनुसुची ६
## सम्झौता पत्रको ढाँचा

देवचुली नगरपालिका (यसपछि प्रथम पक्ष भनिने) र छनौट भएका कृषक, कृषक समुह, समिति, सहकारी, फार्म, कम्पनी (यसपछि दोश्रो पक्ष) भनिने विच घाँस खेती गर्ने कृषकहरुलाई गोवर मलमा अनुदान बितरण कार्यक्रम सञ्चालन गर्न तपशिलको शर्तहरु पालना गर्ने गराउने गरी यो द्धिपक्षिय सम्झौता गरिएको छ ।

तपसिल

- यो सम्झौता सम्झौता भएको मितिबाट प्रारम्भ हुनेछ ।
- दोस्रो पक्षले सम्झौता बमोजिमको जग्गामा उन्नत जातको घाँस खेती गर्नुपर्नेछ ।
- पहिलो पक्षले दोश्रो पक्षलाई गोबर मलमा अनुदान बापत रु . ..................) अक्षेरुपी ............................ (अनुदान स्वरुप उपलब्ध गराउने छ ।
- दोस्रो पक्षले सम्झौता बमोजिम घाँस खेतीको लागि आवश्यक अन्य सामग्रीहरुको ब्यवस्था स्वयम गर्नुपर्नेछ ।
- पहिलो पक्षले नियमित रुपमा दोस्रो पक्षले घाँस खेती गरे नगरेको अनुगमन गर्नेछ ।
- पहिलो पक्षले आवश्यक परेको खण्डमा प्रचलित बजार दरमा दोस्रो पक्षबाट उत्पादित घाँस खरिद गर्न सक्नेछ ।
- यस सम्झौतामा उल्लेखित काम गर्दा परि आउने सक्ने कुनै पनि प्राकृतिक प्रकोप र भवितब्यको पुर्ण जिम्मेवारी दोस्रो पक्षको हुनेछ।
- यस सम्झौतामा उल्लेख भएका नियमहरु यसै बमोजिम र यसमा उल्लेख नभएका नियमहरु प्रचलित नियम कानुन बमोजिम लागू हुनेछ ।

देवचुली नगरपालिका राजपत्र

उल्लेखित शर्तहरु पालना गर्न गराउन मञ्जुर भई यो सम्झौतामा दस्तखत गरिलियौंदियौं/ ।

| | |
|---|---|
| दोश्रो पक्षको तर्फबाट | प्रथम पक्षको तर्फबाट |
| दस्तखतः | दस्तखतः |
| नाम, थरः | नाम,थरः |
| ठेगानाः | पदः |
| संस्थाको नाम र छापः | कार्यालयः |
| | छापः |

इति सम्बत्...................... साल ..................... महिना .....................गते रोज ......... शुभम् ।

आज्ञाले
मोहन प्रसाद मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

देवचुली नगरपालिका राजपत्र